# लन्डनमा सात औद्योगिक राष्ट्रका विदेशमन्त्रीहरुको प्रत्यक्ष भेटवार्ता

■ एजेन्सी
लन्डन, वैशाख २२




विश्वका प्रमुख सात धनी औद्योगिक राष्ट्रहरू (जी-७) का विदेश मन्त्रीहरूको दुई वर्षभन्दा बढी समयको अन्तरालपछि मंगलबार पहिलोपटक लन्डनमा प्रत्यक्ष भेटवार्ता भएको छ ।

समाचार संस्था एपीका अनुसार आयोजक राष्ट्र बेलायतले रसिया, चीन र इरानका पछिल्ला कदमहरूले सबैजसो प्रजातान्त्रिक समाज र अन्तर्राष्ट्रिय कानुनी शासनमाथि गम्भीर प्रश्न खडा गरिरहेको चेतावनी दिएको छ ।

बेलायतका विदेश मन्त्री डोमिनिक राबले यस बैठकले कूटनीति पुरानै लयमा फर्किएको भन्दै खुसी व्यक्त गरे । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले राष्ट्रपति जो बाइडेनले प्रशासन सम्हालेलगत्तै संयुक्तराज्य अमेरिकाका परम्परागत गठबन्धनलाई पुरानै लयमा फर्काइएको बताए । पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका एकलकाँटे नीतिले अमेरिका नै एक्लिएको निष्कर्षमा बाइडेन प्रशासन पुगेको उनको भनाइ थियो ।

विदेशमन्त्री ब्लिन्केनले जी-७ का मुलुकहरूले चीनसँग प्रतिस्पर्धात्मक क्षमता बढाउनु पर्नेमा पनि जोड दिए । दुई दिने यस बैठकमा जी-७ मा आबद्ध मुलुकहरू बेलायत, अमेरिका, क्यानडा, फ्रान्स, जर्मनी, इटाली र जापानका विदेशमन्त्रीहरू सहभागी भएका छन् । यस बैठकमा म्यान्मारमा भएको सैन्य विद्रोह, सिरियाको मानवीय संकट, इथियोपियाको टिग्रीको संकट तथा अफगानिस्तानको मानवीय संकटका बारेमा पनि छलफल हुनेछ ।

साथै, बेलायती विदेश मन्त्रालयका अनुसार बैठकमा रसियाले युक्रेनको सीमा क्षेत्रमा बढाएको सैन्य गतिविधि र विपक्षी नेता अलेक्सी नाभाल्नीलाई थुनामा राखिएको विषयमा पनि छलफल हुनेछ । सन् २०२१ का लागि जी-७ समूहको अध्यक्षता गरेको बेलायतले बैठकमा अस्ट्रेलिया, दक्षिण कोरिया, भारत र दक्षिण अफ्रिकाका विदेश मन्त्रीहरूलाई पनि आमन्त्रण गरेको थियो । प्रधानमन्त्री बोरिस जोन्सनले आगामी जुन महिनामा हुने जी-७ समूहका नेताहरूको बैठक आयोजना गर्नेछन् ।

## अध्ययन भन्छ :
# वायु प्रदूषणले बालबालिकामा उच्च रक्तचाप र मुटुको रोग बढाउँछ

■ एजेन्सी
वासिङटन, वैशाख २२



वायु प्रदूषणले बालबालिकामा उच्च रक्तचाप र मुटुसम्बन्धी रोगको खतरा बढाउने अमेरिकन हर्ट एसोसिएसनको एक अध्ययनले देखाएको छ । सो एसोसिएसनले प्रकाशन गर्दै आएको जर्नलमा हालै प्रकाशित एक अध्ययन प्रतिवेदनमा बालबालिकालाई पर्ने असर बढी चिन्ताको विषय भएको उल्लेख गरिएको छ ।

मुटुसम्बन्धी समस्याका कारण अस्पतालमा आएका बालबालिकामा वायु प्रदूषणको असर धेरै देखिएको अध्ययनकर्ताले बताएका छन् । अध्ययनमा अमेरिका, चीन र युरोपेली मुलुकलगायतका देशका बालबालिकामाथिको अध्ययनमा पनि समेटिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

बालबालिकामा उच्च रक्तचापका कारण तनावसम्वन्धी समस्या र मुटुसम्वन्धी समस्या देखिने गरेको अध्ययनकर्ताको भनाइ छ । बालबालिकासम्बन्धी १४ वटा अध्ययनलाई एकीकृत गरी यो निष्कर्ष निकालिएकाले तुलनात्मकरूपमा यो अध्ययनको गुणस्तर उच्च रहेको उनीहरूले दाबी गरेका छन् ।

अध्ययनमा पाँच वर्ष चार महिनादेखि १२ वर्ष सात महिनासम्मका तीन लाख ५० हजार बालबालिकाको सहभागिता रहेको थियो । 'विगतमा भएका अध्ययनमा बालबालिकाको स्वास्थ्य र वायु प्रदूषणको सम्वन्धका बारेमा हामीले शुक्ष्म विश्लेषण गरेका हौँ, त्यसबाट हामीले यी दुई पक्षका बीचमा प्रत्यक्ष र घनिष्ट सम्वन्ध देखेका छौँ', अध्ययनका एक जना लेखक तथा लण्डनको किंग्स कलेजका प्राध्यापक याओ लु (पीएचडी)ले भने ।

दुई पक्षको सम्बन्ध प्रस्ट पार्ने धेरै प्रमाण आफूले भेटेको उनले बताए । लामो र छोटो अवधिमा अध्ययन पनि गरिएको थियो । त्यसैगरी बिहान, दिउँसो, साँझ र रातिमा पर्ने असरका बारेमा पनि विश्लेषण गरिएको छ । अहिले विश्लेषण गरिएका विगतका अध्ययन सन् २०२० को सेप्टेम्बर ६ देखि प्रकाशित भएका थिए ।

## *हुवावे र जेटटीईले भारतमा फाइभजी परीक्षण गर्न नपाउने*

नयाँ दिल्ली, वैशाख २२ । भारतको दूरसञ्चार मन्त्रालयले दुई चिनियाँ प्रविधि कम्पनीलाई भारतमा फाइभजी परीक्षण गर्न नपाउने निर्णय गरेको छ । योसँगै हुवावे र जेटटीईलाई फाइभजी परीक्षणका लागि अनुमति नदिने भारत पछिल्लो राष्ट्र बनेको छ ।

मन्त्रालयले अरू दर्जन कम्पनीलाई भने फाइभजी परीक्षण अनुमति दिएको थियो । जसमा एरिक्सन, नोकिया र सामसङका नेटवर्क युनिटहरू छन् । उनीहरूले छ महिना फाइभजी प्रविधि परीक्षण गर्न पाएका थिए ।

परीक्षण गर्न नदिए पनि




दुवै कम्पनीले फाइभजी सामग्री आपूर्तिकर्तालाई वितरण गर्न पाउने बताइएको छ । फोन प्रयोगकर्ताको हिसाबले भारत विश्वकै दोस्रो ठूलो बजार हो । सरकारी कम्पनी एमटीएनएलसँगै रिलायन्स इन्डस्ट्रिजको जियो इन्फोकम, भारती एयरटेल र भोडाफोन आइडियाले भने फाइभजी परीक्षण गर्ने भएका छन् ।

तर यी कम्पनीहरूले ग्रामीण र अर्धसहरी क्षेत्रमा यसको परीक्षण गर्नुपर्ने सरकारी प्रेस इन्फरमेसन ब्युरोले जनाएको छ । यता दिल्लीले भने चिनियाँ कम्पनीमाथि कुनै पनि आधिकारिक प्रतिबन्ध लगाउनै बाँकी छ । उसले अहिले नै भारतको मोबाइल प्रदायकलाई धेरैजसो सामग्री आपूर्ति गर्छ ।

Find us on : facebook/ aarthikdainik

# खोप दिन नसके भारतको सेरम इन्स्टिच्युटले बंगलादेशलाई पैसा फिर्ता दिने

■ एजेन्सी
ढाका, वैशाख २२



बंगलादेशले मागबमोजिम खोप पाउन नसके खोपनिर्माता भारतको सेरम इन्स्टिच्युटले पैसा फिर्ता गर्ने जनाएको बंगलादेशी अर्थमन्त्री एएचएम मुस्ताफा कमलले बताएका छन् ।

द डेलिस्टार अनलाइनका अनुसार अन्तर्राष्ट्रिय सम्झौताअनुसार खोप दिन नसके बंगलादेशले पैसा फिर्ता पाउने अर्थमन्त्री कमलले बताएका हुन् ।

'यदि हामीलाई खोप आउँदैन भन्ने निश्चित भयो भने हामी हाम्रो पैसा फिर्ता लिन्छौँ', कमलले भने, 'खोप आपूर्ति हुँदैन भने निश्चित रूपमा हामी पैसा फिर्ता लिन्छौँ ।'

सेरम इन्स्टिच्युटसँग लिखित सम्झौता गरिएको उल्लेख गर्दै उनले कुनै देशको पैसा अर्को देशले यतिकै लिन नसक्ने दाबी गरे । यसबारे छलफल चलिरहेकाले अहिले नै सेरमबाट खोप आउँदैन भनेर भन्न नसकिने उनको भनाइ थियो ।

सार्वजनिक खरिदसम्बन्धी मन्त्रिपरिषद्को एउटा समितिको भर्चुअल बैठकमा उनले उक्त कुरा बताएको डेलिस्टार अनलाइनले जनाएको छ ।

यसलाई उनले गम्भीर मुद्दा भनेका छन् । त्यस्तै बंगलादेशले वैकल्पिक स्रोतमार्फत खोप ल्याउनेबारे सरकारले काम गरिरहेको जानकारी पनि उनले दिएका छन् ।

# स्पिरिट एरोसिस्टम्सले बोइङ म्याक्स ७३७ का पार्टपुर्जाको उपलब्धता बढाउने

SPIRIT AEROSYSTEMS

अमेरिका, वैशाख २२ । स्पिरिट एरोसिस्टम्सले बोइङ ७३७ म्याक्सजेटको एक सय ६० शिपसेट पार्टपुर्जा सन् २०२१ मा डेलिभर गर्ने भएको छ । बुधबार कम्पनीले बोइङ आफैँले विद्युतीय समस्याका कारण डेलिभरी रोके पनि आफूले पार्टपुर्जाको उपलब्धता बढाउने जनाएको हो ।

उक्त कम्पनीले सन् २०२० मा ७१ ७३७ म्याक्स शिपसेट्स डेलिभरी गरेको थियो । यसैबीच, कम्पनीले यो वर्षको पहिलो त्रैमासिकमा सोचेभन्दा बढी घाटा व्यहोरेको जनाएको छ । यो कम्पनीले विमानहरूको पार्टपुर्जा बनाउँछ । खासगरी कोरोना भाइरस संक्रमणका कारण अन्तर्राष्ट्रिय हवाइ यात्रामा सुधार नआउँदा घाटा व्यहोर्नुपरेको कम्पनीले जनाएको छ ।

# ट्रम्पमाथि फेसबुकले लगाएको स्थायी प्रतिबन्ध पुनर्विचार गर्न निर्देशन

■ एजेन्सी
अमेरिका, वैशाख २२



अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको एकाउन्ट सदाका लागि बन्द गर्ने फेसबुकको निर्णयमा समर्थन गर्दै निरीक्षकहरूको बोर्डले छ महिनाभित्र यसको पुनर्विचार गर्न निर्देशन दिएको छ । ट्रम्पविरूद्ध गरिएको कारबाही सही भए पनि सदाका लागि प्रतिबन्धित गर्ने निर्णयको आलोचना गर्दै 'ओभरसाइट बोर्ड'ले यसलाई फेसबुकको सामान्य दण्डसजायभन्दा बाहिर गएको ठहर गरेको हो ।

बीबीसीका अनुसार बोर्डले सबैका लागि मान्य हुने कारबाहीसँग मेल खाने गरी स्थायी प्रतिबन्धको निर्णय समीक्षा गर्न भनेको छ । फेसबुक र इन्स्टाग्रामले ट्रम्पको दुवै सामाजिक सञ्जालको एकाउन्ट स्थायी रूपमा प्रतिबन्धित गरेको थियो । खासगरी जनवरीमा ट्रम्प समर्थकले उनकै उक्साहटमा अमेरिकी संसदमा हुलहुज्जत गरेको भन्दै फेसबुक र इन्स्टाग्रामले उनको एकाउन्ट नै निलम्बन गरेको थियो । पछि यसलाई स्थायी रूपमै प्रतिबन्धित गरिएको थियो ।

ओभरसाइट बोर्डले सुरूमै स्थायी प्रतिबन्ध लगाउने फेसबुकको निर्णय अनिश्चित र मानकरहित भनेको छ । फेसबुकका अन्य प्रयोगकर्तालाई जस्तै ट्रम्पलाई पनि सोही अनुसारको कारबाही गरिनुपर्नेमा मनोमानी निर्णय गरेको भन्दै स्वतन्त्र बोर्डले फेसबुकको आलोचना गरेको छ ।

यता फेसबुक र ट्विटरजस्ता चर्चित सामाजिक सञ्जालले प्रतिबन्धित गरेपछि ट्रम्पले भने बुधबार नै नयाँ वेबसाइट सार्वजनिक गरेका छन् । यसबाट आफ्ना समर्थकमाझ पुग्ने विश्वास ट्रम्पको छ ।

# भारतमा एकै दिन तीन हजार सात सय ८० को मृत्यु, तीन लाख ८२ हजार संक्रमित

■ एजेन्सी
नयाँ दिल्ली, वैशाख २२



कोरोनाभाइरस महामारीको दोस्रो लहरबाट नराम्रोसँग प्रभावित भारतमा पछिल्लो २४ घण्टामा तीन हजार सात सय ८० जनाको मृत्यु भएको छ । बुधबार बिहान सार्वजनिक विवरणमा भारतमा कोभिड-१९ बाट कुल संक्रमितको संख्या दुई करोड सात लाख पुगेको उल्लेख छ ।

गत मे १ तारिखमा चार लाख कोभिड-१९ संक्रमित देखिए पनि पछिल्ला दुई दिनमा यो संख्यामा केही कमी आएको देखिएको केन्द्रीय परिवार कल्याण मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा कोभिड-१९ बाट संक्रमितको संख्या तीन लाख ५७ हजार रहेको भेटिएको छ । सरकारी विवरणमा कोभिड-१९ बाट हाल ३४ लाख ८७ हजार व्यक्ति संक्रमित अवस्थामा रहेका छन् । साथै पछिल्लो २४ घण्टामा तीन लाख ३८ हजार व्यक्ति संक्रमणमुक्त भएका छन् । योसहित भारतमा हालसम्म एक करोड ७० लाख व्यक्ति संक्रमणमुक्त भएका छन् ।

कोरोनाभाइरस संक्रमणबाट हालसम्म भारतमा दुई लाख २६ हजार एक सय ८८ जनाको ज्यान गइसकेको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार देशभर २९ करोड ४८ लाख ५२ हजार नमूना परीक्षण गरिएको छ । मंगलबार एकै दिन १५ लाख ४१ हजार नमूना परीक्षण गरिएको पनि परिषदले जनाएको छ । कोभिड-१९ संक्रमितको दैनिक मृत्यु बढेसँगै भारत सरकारले कोभिड-१९ को खोप अभियानलाई पनि तीव्र बनाएको छ । स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार हालसम्म १६ करोड पाँच लाख व्यक्तिलाई खोप दिइसकिएको छ ।

कोभिड-१९ को तीव्र संक्रमण र मृत्युका कारण भारतको स्वास्थ्य पूर्वाधारमा ठूलो चाप देखिएको छ भने अग्रपंक्तिमा रहेर काम गर्नुपर्ने स्वास्थ्यकर्मीहरूमाथि ठूलो चुनौती देखा परेको छ । नयाँ दिल्ली र मुम्बई जस्ता ठूला सहरमा कोभिड-१९ का बिरामीका लागि अति आवश्यक अक्सिजनको आपूर्ति सहज हुन नसकेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

भारतमै सर्वाधिक असर देखिएको नयाँ दिल्लीमा पछिल्लो २४ घण्टामा झण्डै २० हजार नयाँ कोभिड संक्रमित देखिएका छन् भने तीन सय ३८ जनाको मृत्यु भएको छ । नयाँ दिल्लीमा हालसम्म कोभिड-१९ बाट सात हजार सात सय ५२ जनाको ज्यान गइसकेको छ । (रासस-एएनआई)

# भारतमा पेट्रोल, डिजेलको मूल्यवृद्धि



नयाँ दिल्ली, वैशाख २२ । भारतमा पेट्रोल र डिजेलको बुधबार पुनः मूल्यवृद्धि भएको छ । मङ्गलबार पनि यी दुई पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको थियो । बुधबार पेट्रोलको मूल्य प्रतिलिटर भारू १९ पैसा र डिजेलको मूल्य भारू २१ पैसा वृद्धि भएको छ । राजधानी नयाँ दिल्लीमा पेट्रोल प्रतिलिटर भारू ९०.७४ कायम भएको छ भने डिजेलको मूल्य भारू ८१.१२ रहेको छ । भारतीय तेल कम्पनीहरूले मंगलबार पनि पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेका थिए । मंगलबार प्रतिलिटर पेट्रोलमा ६७ पैसा र डिजेलमा १८ पैसा वृद्धि भएको थियो । सरकारी स्वामित्वका इन्डियन आयल कर्पोरेसन, बीपीसीएल र एचपीसीएलले गत वर्षको मार्च यता पेट्रोलमा प्रतिलिटर भारू २१.५८ र डिजेलमा भारू १९.१८ ले वृद्धि गरिसकेका छन् ।


## देवानगञ्ज गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
१ नं. प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८/०१/२३ गते

यस गाउँपालिकाको तपसिलका ठेक्काको लागि विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरिएअनुसार पर्न आएका बोलपत्रहरुमध्ये तपसिलबमोजिमको बोलपत्रदाताले न्यूनतम रकम कबोल गरी बोलपत्र पेश गरेकोमा सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले मूल्याङ्कन समितिको निर्णय र सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र नियमावलीको ५४(क) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | बोलपत्रदाताहरूको नाम, ठेगाना | Publish मिति | ठेक्का नं. | कबोल गरेको रकम Vat सहित |
|---|---|---|---|---|
| १ | Kunwar Developers & Builders Pvt. ltd. Ktm | 2077/10/14 | DRM BUILDINS/C/NCB/07-2077/078 | 7,13,24,643.21 |
| २ | Aaryush Construction and suppliers, Sunsari | 2077/12/09 | DRM BUILDINS/C/NCB/08-2077/078 | 11,47,249.04 |
| ३ | Bhagawati Construction, Dewanganj-7, Sunsari | 2077/12/09 | DRM ROADS/C/NCB/24-2076/077 | 12,43,002.75 |
| ४ | Bhagawati Construction, Dewanganj-7, Sunsari | 2077/12/09 | DRM ROADS/C/NCB/25-2076/077 | 7,21,451.25 |
| ५ | Dinesh Niraman Sewa, Barju, Sunsari | 2077/12/09 | DRM ROADS/C/NCB/26-2076/077 | 26,50,846.50 |
| ६ | Pakali Technical In. Pvt.Ltd | 2077/12/15 | NP-DOCR-184870-NC-RFQ | 5,66,672.40 |

प्रमुख प्रशासकीय अधिकृत